**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# सोल्टी होटल लिमिटेडको मिति २०७४ साल मंसिर २८ गते तदनुसार १४ दिसम्बर २०१७, विहिबारका दिन बसेको कम्पनीको ४३औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम सम्बन्धीत सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको निम्ति प्रकाशित

१. **वैधानिक सभा**

सोल्टी होटल लिमिटेडको २०७४ कार्तिक ५ गते (२२ अक्टूबर २०१७) आइतबारका दिन बसेको संचालक समितिको २१३औं बैठकको निर्णय, कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीको ४३औं वार्षिक साधारण सभा कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूको सभापतित्वमा निम्न मिति, स्थान, र समयमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भई सुसम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय**

मिति: २०७४ साल मंसिर २८ गते तदनुसार १४ दिसम्बर २०१७, विहिबारका दिन ।
स्थान: त्रिभुवन आर्मी अफिसर्स क्लब, टुँडिखेल, सुन्धारा, काठमाडौं, नेपाल ।
समय: बिहान ११:०० बजे प्रारम्भ भई दिउँसो ३:०० बजे सम्पन्न भएको ।

३. **सभाको सूचना**

कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) को व्यवस्था बमोजिम कम्पनीको ४३औं वार्षिक साधारण सभाको लागि शेयर दाखिल खारेज दर्ता किताब बन्द रहने सम्बन्धी सूचना सहितको प्रारम्भिक संक्षिप्त सूचना कारोबार आर्थिक राष्ट्रिय दैनिकमा २०७४ कार्तिक १० गते तदनुसार २७ अक्टूबर २०१७ शुक्रबार तथा ४३औं वार्षिक साधारण सभाको मिति, स्थान, समय र छलफलका विषयहरु सहित जानकारीहरु समावेश रहेको बिस्तृत सूचना प्रथम पटक कारोबार आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७४ मंसिर १ गते तदनुसार १७ नोभेम्बर २०१७ शुक्रबार र दोश्रो पटकको बिस्तृत सूचना राष्ट्रिय दैनिक आर्थिक अभियान पत्रिकामा मिति २०७४ मंसिर ४ गते तदनुसार २० नोभेम्बर २०१७ सोमबार शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

त्यसैगरी, शेयरधनी महानुभावहरुको अधिकतम सूचनार्थ ४३औं वार्षिक साधारण सभा सम्बन्धी संक्षिप्त सूचना कान्तिपुर राष्ट्रिय दैनिकमा मिति २०७४ मंसिर २५ (११ दिसम्बर २०१७) गते सोमबार, दि हिमालय टाइम्स अग्रेजी राष्ट्रिय दैनिक र अनलाइन पत्रिका अनलाइन खबरमा मिति २०७४ मंसिर २६ (१२ दिसम्बर २०१७) गते मंगलबार, तथा हिमालय टेलिभिजनमा र अनलाइन पत्रिका बिजमाण्डूमा मिति २०७४ मंसिर २७ (१३ दिसम्बर २०१७) गते बुधबार, पुन: प्रकाशित गरिएको थियो । ४३औं वार्षिक साधारण सभा सम्बन्धी सम्पूर्ण सूचनाहरु कम्पनीको वेव साईट http:www.soalteehotel.com मा समेत उपलब्ध गराइएको थियो ।

शेयरधनी महानुभावहरुलाई कम्पनीको शेयरधनी दर्ता किताबमा कायम रहेको सम्बन्धित ठेगानामा ४३औं वार्षिक साधारण सभा सम्वन्धी बिस्तृत सूचना, सामान्य जानकारी तथा आवश्यक कागजातहरु, छलफलका विषयहरु र कम्पनीको आर्थिक वर्ष २०७३/७४ को वार्षिक आर्थिक विवरणहरु समावेश रहेको कम्पनीको ४३औं वार्षिक प्रतिवेदन २०७३/७४ शेयरधनी महानुभावहरुको जानकारी एवं सूचनार्थ हुलाक र कुरियरबाट समेत सम्प्रेषित गरिएको थियो ।

साथै, ४३औं वार्षिक साधारण सभा सम्बन्धी सम्पूर्ण विवरण सहितको आर्थिक वर्ष २०७३/७४ का वार्षिक आर्थिक विवरणहरु समावेश रहेको कम्पनीको ४३औं वार्षिक प्रतिवेदन २०७३/७४ पुस्तक नेपाली र अंग्रेजीमा कम्पनीको वेव साईट http:www.soalteehotel.com मा शेयरधनी महानुभावहरुको सूचनार्थ उपलब्ध रहेको समेत जानकारी सम्प्रेषण गरेको थियो ।

४. **छलफलको विषय**

(क) सामान्य प्रस्ताव

१. सञ्चालक समितिको आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) वार्षिक आर्थिक विवरणहरु (हिसाव किताव) २०७४ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को लागि शेयरधनीहरुलाई चुक्ता पूँजीको ६.०५२६३१५८ प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) का लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक स्वीकृत गरी पारित गर्ने ।

५. कम्पनीको संचालक समितिमा संगठित संस्थाबाट मनोनित भएका संचालकहरुको सम्बन्धमा जानकारी लिने र संचालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका शेयरधनीहरुबाट तीन जना संचालकहरुको निर्वाचन गर्ने ।

(ख) विषेश प्रस्ताव

६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई १५ (पन्ध्र) प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर ३ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चूक्ता पूंजी बृद्धि गर्न स्वीकृति प्रदान गर्ने ।

(ग) विविध

७. विविध: अध्यक्षको अनुमति अनुसार ।

५. **उपस्थिति**

१. संचालकहरुको उपस्थिति:

कम्पनीको ४३औं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम कम्पनीका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्ट, तथा संचालकहरु श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ, श्री जया राज्य लक्ष्मी शाह, श्री अनन्थ रामचन्द्रन, श्री गणेश बहादुर चन्द, श्री निरन्जन कुमार टिवरेवाला, श्री शशी राज पाण्डे, र श्री बिजय बहादुर श्रेष्ठज्यूहरुको उपस्थिति थियो ।

२. कम्पनीका पदाधिकारीहरुको उपस्थिति

कम्पनीको ४३औं वार्षिक साधारण सभामा सोल्टी क्राउन प्लाजा, काठमाण्डौंका महाप्रबन्धक, श्री उपल मजुमदार, मुख्य लेखापाल, श्रीमती दुर्गा श्रेष्ठ, कम्पनी सचिव, श्री लिल बहादुर खत्री, निर्देशक वित्त तथा व्यापार सहयोग, सोल्टी क्राउन प्लाजा, श्री सुर्दशन चापागाई, लेखापरीक्षक, साझेदार, जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउण्टेण्टस, काठमाण्डौंका, सि ए श्री प्रविन कुमार झा, र कानूनी सल्लाहकार द्वय श्री कोमल प्रकाश घिमिरे, वरिष्ठ अधिवक्ता तथा श्री समीर शर्मा, अधिवक्ता र निर्वाचन अधिकृत श्री शैलनाथ गौतम, अधिवक्ताको उपस्थिति थियो ।

३. शेयरधनीहरुको उपस्थिति

१. कुल शेयरधनीहरुको उपस्थिति संख्या १,०३१

६ **गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| विवरण | कुल | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | ५,३७३ | १,०३१ | १९.१९% |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ५७,९१८,१३० | ५२,४९१,४०५ | ९०.६३% |

७. **सभाको वैधानिकता**

सभाको प्रारम्भमा कम्पनी सचिवले उपस्थित कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु तथा लेखापरीक्षक, एवं उपस्थित कम्पनीका पदाधिकारीहरुलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्दै, कम्पनीको ४३औं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाईएको र ४३औं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको उपस्थिती पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या जम्मा १,०३१ रहेको र कुल शेयर संख्याको ९०.६३ प्रतिशतको प्रतिनिधित्व भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावलीको नियम ३८ को उपनियम (क) अनुसार साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित कानून अनुसार सभा वैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

८. **सभाको सभापतित्व र सभा संचालन**

सभाको वैधानिकता पश्चात्, कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) र कम्पनीको नियमावलीको नियम ३९ मा प्रावधान भए बमोजिम, ४३औं वार्षिक साधारण सभाको सभापतित्व संचालक समितिका कार्यकारी अध्यक्ष, श्री दिनेश बहादुर बिष्टज्यूले गर्नुहुने जानकारी गराउँदै बिहान ११:०० बजे कम्पनीको ४३औं वार्षिक साधारण सभाको काम कारबाही संचालन गर्न सभापतिज्यूलाई हार्दिक अनुरोध गर्नु भयो । तत्पश्चात्, सभाका सभापति, श्री दिनेश बहादुर बिष्टज्यूले सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नुहुँदै ४३औं वार्षिक साधारण सभाको काम कार्यबाही अगाडि बढाउनु भयो ।

९. **अध्यक्षज्यूको मन्तब्य**

कम्पनीको ४३औं वार्षिक साधारण सभालाई आफ्नो मन्तब्य प्रकट गर्नुहुंदै कम्पनीका कार्यकारी अध्यक्ष तथा सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनुभएका संचालक समितिका सदस्यहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, कम्पनीका पदाधिकारीहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरुलाई हार्दिक स्वागत गर्नुहुदै अध्यक्षको मन्तब्य प्रकट गर्नुभयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुति

(क) सामान्य प्रस्ताव

कम्पनीको ४३औं वार्षिक साधारण सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले आफ्नो मन्तब्य पश्चात् सभाको पूर्व निर्धारित छलफलका विषयसूची बमोजिम संचालक समितिको तर्फबाट शेयरधनी महानुभावहरुको सभा समक्ष छलफलको लागि विषयसूची नम्बर (क) (१) र (क) (२) अनुसार क्रमश: आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को संचालक समितिको वार्षिक प्रतिवेदन, र लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को वार्षिक आर्थिक विवरणहरु (हिसाव किताव), २०७४ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन उपर छलफल गरी पारित गर्ने प्रस्तावहरु प्रस्तुत गर्नुभयो ।

## ११. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

कम्पनीको आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को संचालक समितिको वार्षिक प्रतिवेदन, २०७४ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचिहरु सहितका आर्थिक विवरणहरु उपर सभामा उपस्थित शेयरधनी महानुभावहरु समक्ष आ-आफ्ना मन्तब्य, जिज्ञासा एवं सुझावहरु भए व्यक्त गर्न सभापतिज्यूले अनुरोध गर्नु भए बमोजिम सभामा शेयरधनी श्री ब्यास कुमार शर्मा, श्री अशोक उप्रेति, श्री डमरु बल्लभ घिमिरे, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री जयन्द्र मान सिंह बानिया, श्री नरसिंह लाल श्रेष्ठ, श्री चन्द्र नारायण श्रेष्ठ, श्री केन्द्र महत, श्री रोजकुमार श्रेष्ठ, श्री राम गोपाल महर्जन, मेजर श्री कुबेर श्रेष्ठ, श्री लक्ष्मी प्रकाश सैंजू, श्री नारायण सुन्दर श्रेष्ठ, श्री दशरथ रिसाल र प्रोफेसर श्री डा. मनोहर कृष्ण श्रेष्ठ गरी जम्मा १५ जना शेयरधनी महानुभावहरुले छलफलको क्रममा प्रत्यक्ष सहभागी हुँदै आ–आफ्ना मन्तब्य, जिज्ञासा, प्रश्न एवं सुझावहरु व्यक्त गर्नुभएको थियो ।

## १२. सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको जिज्ञाशा एवं प्रश्नहरुको प्रत्युत्तर

शेयरधनी महानुभावहरुले छलफलको क्रममा सभामा प्रकट गर्नुभएका आफ्ना मन्तब्य, जिज्ञाशा एवं सराहना प्रति आभार व्यक्त गर्दै, बक्ता शेयरधनी महानुभावहरुले सभामा प्रकट गर्नुभएको जिज्ञांशा तथा प्रश्नहरुको कम्पनीका कार्यकारी अध्यक्ष एवं सभाका सभापति श्री दिनेश बहादुर बिष्टज्यूले समग्र एवं सामुहिक रुपमा प्रत्युत्तर दिनुभएको थियो ।

## १३. सभाको निर्णय

(क) समान्य प्रस्ताव

१. निर्धारित छलफलको विषय सूचि नम्बर (क) (१) अनुरुप सभामा प्रस्तुत आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपरको छलफल पश्चात् सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभाबाट स्विकृत गरी पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नुभएकोमा सभाले सर्बसम्मतिबाट संचालक समितिको आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को वार्षिक प्रतिवेदन पारित गर्‍यो ।

२. निर्धारित छलफलको विषय सूची नम्बर (क) (२) अनुरुप लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को वार्षिक आर्थिक विवरणहरु (हिसाव किताव), २०७४ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आम्दानी विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तन लगायतका बित्तीय विवरणहरु उपर छलफल पश्चात् स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. निर्धारित छलफलको विषय सूची नम्बर (क) (३) बमोजिम कम्पनीको संचालक समितिले आर्थिक वर्ष २०७३/०७४ (२०१६/१७) को लागि कम्पनीका शेयरधनी महानुभावहरुलाई लिन मञ्जुर तथा चुक्ता पूँजीको ६.०५२६३१५८ (छ दशमलव सून्य पांच दुई छ तीन एक पांच आठ) प्रतिशतका दरले नगद लाभांश प्रदान गर्न गरेको प्रस्तावलाई स्विकृत गरी पारित गरियोस् भनी सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले उल्लिखित प्रस्ताव सर्वसम्मतिबाट पारित गर्‍यो ।

४. निर्धारित छलफलको विषय सूची नम्बर (क) (४) अनुरुप कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) का लागि कम्पनीको बैधानिक लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक स्वीकृत गरीयोस भन्ने प्रस्तावको सम्बन्धमा, आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को लागि कम्पनीको लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम कम्पनीको लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नुभएकोमा सभाले लेखापरीक्षण समितिको सिफारिश बमोजिम श्री टी. आर. उपाध्या एण्ड कं., चार्टर्ड एकाउण्टेण्टस्, काठमाण्डौंलाई आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) का लागि मूल्य अभिबृद्धि कर (VAT) बाहेक वार्षिक रु. ३९९,३००/- (अक्षेरुपी तीन लाख उनान्सय हजार तीन सय मात्र) पारिश्रमिक (लेखापरीक्षण शुल्क) दिने गरी कम्पनीको बैधानिक तथा कर लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्तावलाई ४३औं वार्षिक साधारण सभाले सर्वसम्मतिबाट पारित गर्‍यो । सो प्रस्तावको सिफारिश लेखापरीक्षण समितिको तर्फबाट समितिका अध्यक्ष, श्री रवि भक्त श्रेष्ठज्यूले प्रस्तुत गर्नुभएको थियो ।

५. निर्धारित छलफलको विषय सूची नम्बर (क) (५) अनुरुप सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले प्रस्तुत गर्नुभएको प्रस्ताव, कम्पनीको संचालक समितिमा संगठित संस्थाबाट मनोनित भएका संचालकहरुको सम्बन्धमा जानकारी लिने र  संचालक मनोनित गर्ने संगठित संस्था शेयरधनीहरु बाहेकका सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्न तीन जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा कम्पनीका सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने संचालकहरुको निर्वाचन प्रयोजनका लागि नियुक्त हुनु भएका निर्वाचन अधिकृत, अधिवक्ता, श्री शैल नाथ गौतमज्यूलाई सभापतिले निर्वाचन सम्बन्धी प्रतिवेदन सभालाई जानकारी गराउन अनुरोध गर्नु भयो ।

तत्पश्चात्, कम्पनीका निर्वाचन अधिकृत, अधिवक्ता, श्री शैल नाथ गौतमज्यूले संचालक निर्वाचन सम्बन्धी प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभएको थियो । कम्पनीको संचालक समितिमा संस्थागत शेयरधनीहरु मध्येबाट नियुक्त हुने ६ जना र सर्वसाधारण शेयरधनीहरु मध्येवाट निर्वाचित हुने ३ जना संचालक रहने व्यवस्था वमोजिम संस्थागत शेयरधनी सोल्टी ईन्टरप्राइजेज प्राइभेट लिमिटेडको तर्फबाट नियुक्त हुने ४ जना संचालकमा श्री दिनेश बहादुर विष्ट, श्री रवि भक्त श्रेष्ठ, श्री राजेश काजि श्रेष्ठ र श्री जया राज्य लक्ष्मी शाह, नेपाल वायुसेवा निगमको तर्फबाट नियुक्त हुने १ जना संचालकमा श्री गणेश बहादुर चन्द तथा विदेशी लगानीकर्ता श्री होलिडे इन्स इन्भेष्टमेण्ट (नेपाल) लिमिटेड, हङ्कङ्को तर्फबाट नियुक्त हुने १ जना संचालकमा श्री अनन्थ रामचन्द्रन नियुक्त हुनुभएको र कम्पनीका सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व हुने ३ जना संचालकको लागी सुरुमा शेयरधनी श्री निरन्जन कुमार टिवरेवाला, श्री विजय वहादुर श्रेष्ठ, श्री प्रकाश विक्रम खत्री र श्री शशी राज पाण्डे गरी ४ जनाको उम्मेदवारी पेश हुन आएकोमा उम्मेदवार मध्ये श्री विजय वहादुर श्रेष्ठले आफ्नो उम्मेदवारी फिर्ता लिनु भएकोले तत्पश्चात श्री शशी राज पाण्डे, श्री निरन्जन कुमार टिवरेवाला, र श्री प्रकाश विक्रम खत्री ३ जनाको मात्र उम्मेदवारी कायम रहन आएको हुंदा आवश्यक सख्या भन्दा बढी उम्मेदवारहरुको मनोनयनपत्र कायम नरहेकोले सोल्टी होटल लिमिटेड संचालक निर्वाचन नियमावली, २०५४ (संशोधन सहित) को नियम १६ (१) अनुसार उहांहरु संचालकमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

उपरोक्त बमोजिम, निम्नलिखित ९ (नौ) जना संचालक समितिका सदस्य रहेको कम्पनीको संचालक समिति गठन भयो जसमा संचालकहरु (१) श्री दिनेश बहादुर बिष्ट (२) श्री रवि भक्त श्रेष्ठ, (३) श्री राजेश काजि श्रेष्ठ (४) श्री जया राज्य लक्ष्मी शाह (५) श्री गणेश बहादुर चन्द (६) श्री अनन्थ रामचन्द्रन (७) श्री शशी राज पाण्डे, (८) श्री निरन्जन कुमार टिवरेवाला, र (९) श्री प्रकाश विक्रम खत्री रहनु भएको छ । सभाले कम्पनीको नव गठित संचालक समितिका ९ जना सदस्यहरुलाई बधाई ज्ञापन गर्दै हार्दिक स्वागत तथा कार्यकालको पूर्ण सफलताको लागि मंगलमय शुभकामना व्यक्त गर्‍यो ।

सभाका सभापतिज्यूको अनुमतिले निर्वतमान संचालक समितिका सदस्य श्री विजय वहादुर श्रेष्ठज्यूले आफ्नो छोटो मन्तब्य राख्नु हुदै आफ्नो २५ वर्षको लामो कार्यकालमा कम्पनी, कार्यकारी अध्यक्ष, संचालक समितिका सदस्यज्यूहरु र होटेलका कर्मचारीहरुबाट प्राप्त सहयोग, समर्थन तथा स्नेह प्रति आभार ब्यक्त गर्नुभएको थियो । उहांले नवनियुक्त संचालक समितिका सदस्यज्यूहरुलाई शुभकामना दिनु हुदै सबैलाई हार्दिक धन्यवाद दिनु भयो ।

(ख) विशेष प्रस्ताव

६. सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले निर्धारित छलफलको विषयसूची नम्बर (ख) (६) बमोजिम संचालक समितिले लिन मञ्जुर तथा चुक्ता पूँजीको १५ (पन्ध्र) प्रतिशतका दरले अर्थात कम्पनीको प्रत्येक २० कित्ता चुक्ता शेयर बराबर ३ कित्ताका दरले बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजी बृद्धि गर्न स्वीकृत गर्ने प्रस्तावलाई छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभएकोमा सभाले विशेष प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई १५ (पन्ध्र) प्रतिशत बोनस शेयर वितरण गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिबाट स्विकृत गरी पारित गर्‍यो तथा सोहि अनुसार लिन मन्जुर तथा चुक्ता पूँजीलाई बृद्धि गर्ने प्रस्तावलाई समेत सर्वसम्मतिबाट स्वीकृत गरी पारित गर्‍यो ।

उपरोक्त अनुसार बोनश शेयर जारी गर्दा, कम्पनीले विगत देखि अपनाउदै आएको निति अनुसार ०.५० देखि ०.९ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीबाट बांकी शेयर बराबरको अंकित मूल्य लिई १ कित्ता शेयर दिने र ०.१ देखि ०.४ सम्मको भिन्न अंक (fraction) आएमा शेयरधनीहरुलाई भिन्न अंकको लागि शेयरको अंकित मूल्य बराबरको बांकी रकम नगद फिर्ता दिइनेछ ।

(ग) विविध

७. विविध: अध्यक्षको अनुमति अनुसार ।

निर्धारित छलफलको विषय सूची (ग) (७) बमोजिम सभापतिको अनुमतिले विविध विषयमा छलफल गर्ने र प्रस्ताव पारित गर्नुपर्ने अन्य कुनै विषय नभएको सभाका सभापति एवं कार्यकारी अध्यक्षज्यूले सभालाई जानकारी गराउनु भयो ।

## १४. धन्यवाद ज्ञापन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभापति एवं कार्यकारी अध्यक्षज्यूले समस्त शेयरधनी महानुभावहरु सकारात्मक तथा सक्रिय रुपले सहभागि हुनुभई कम्पनीको प्रगतिका लागि आवश्यक मार्गदर्शन समेत प्रदान गरीदिनु भएको, कार्यसम्पादन प्रति सराहना एवं ४३औं वार्षिक साधारण सभा सफलतापूर्वक संचालन एवं सुसम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा यस सभाको सफलतापूर्वक सञ्चालनका लागि योगदान गर्नुहुने सम्बन्धित सबैलाई हार्दिक धन्यवाद ज्ञापन तथा आभार प्रकट गर्नुभयो ।

## १५. सभा विसर्जन

अन्त्यमा, सभामा छलफलको विषय सकिएकोले सभाका सभापति एवं कार्यकारी अध्यक्ष श्री दिनेश बहादुर बिष्टज्यूले दिउसो ३:०० बजे कम्पनीको ४३औं वार्षिक साधारण सभाको काम कार्यबाही विसर्जन भएको घोषणा गर्नुभयो ।

**लिल बहादुर खत्री**
**कम्पनी सचिव**

**दिनेश बहादुर बिष्ट**
**कार्यकारी अध्यक्ष / सभाका सभापति**

नोट: ४३औं वार्षिक साधारण सभाको काम कारबाहीको विवरण (माइन्यूट) को बिस्तृत बिवरण कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (४) बमोजिम कम्पनीका कुनै शेयरधनी महानुभावले हेर्न चाहेमा कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा नं. १३, ताहाचल, काठमाडौंमा कार्यालय समय भित्र हेर्न सक्नु हुनेछ ।